# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८१।८२
चलानी नम्बर : ५१०६

मिति: २०८२।०२।२७

श्री वडा कार्यालयहरु/ विषयगत शाखाहरु/ स्वास्थ्य संस्थाहरु/ शैक्षिक संस्थाहरु सबै
श्री उपभोक्ता समितिहरु/ निर्माण व्यवसायीहरु/ परामर्शदाताहरु/ आपुर्तिकर्ताहरु सबै
श्री संघ/ संस्थाहरु तथा सरोकारवालाहरु सबै
बाणगंगा नगरपालिका, कपिलवस्तु ।

विषय: आर्थिक बर्ष २०८१/८२ को भुक्तानी निकासा तथा खाताबन्दी सम्बन्धमा ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (७) "प्रदेश तथा स्थानीय तहले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको खर्च शीर्षकको हकमा बाहेक अन्य बजेट शीर्षक अन्तर्गत पर्ने **भुक्तानी दिनु पर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडि भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ**" भन्ने व्यवस्था तथा सोही नियमको उपनियम (३) अनुसार आर्थिक वर्षको अन्तिम दिन हिसाब मिलान गर्ने तथा राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक कार्य नगर्ने प्रावधान रहेको छ ।

माथि उल्लिखित कानूनी प्राबधान, बर्षान्तमा हुन सक्ने आर्थिक काम कारबाहीको अत्याधिक चाप, स्थानिय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा अधिक कार्यचापबाट सृजित हुने Server Down वा अन्य प्राविधिक समस्या, संघ तथा प्रदेश सरकारबाट सञ्चालित शसर्त अनुदान अन्तर्गतका कार्यक्रमको कार्य प्रगतिका आधारमा भुक्तानी लिनुपर्दा हुने प्रकृयागत जटिलता, समयमै कारोबारको हिसाब मिलान गरी कानून बमोजिम अनुदान फिर्ता गर्नुपर्ने प्राबधान र महालेखा नियन्त्रकको कार्यालयबाट जारी भुक्तानी कार्य सिघ्रतापुर्ण गर्ने सम्बन्धि परिपत्र लगायतका कारण आ.ब. २०८१।८२ मा कार्यालयलाई आर्थिक दायित्व रहेका सम्पुर्ण कार्यक्रम तथा आयोजनाको ***मिति २०८२/०३/१५ गते भित्र*** यस कार्यालयको आर्थिक प्रशासन शाखामा रित पुर्वक कागजात पेश गरी भुक्तानी लिनुहुन अनुरोध छ । उक्त मिति पश्चात माथि उल्लिखित कारणले आर्थिक कारोबारको भुक्तानी सम्बन्धि काम कारबाहीमा असहजता सृजना हुन सक्ने हुँदा कार्यालय भुक्तानी गर्न बाध्य समेत नरहेकोले सो कारण सृजित दायित्व सम्बन्धमा कार्यालय जवाफदेही नहुने हुँदा यथासमयमा भुक्तानीको कार्य वातावरण सृजना गर्न सम्बन्धित सबैमा यसै सूचनामार्फत सूचित गरिएको छ ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री नगर प्रमुखज्यू, बाणगंगा नगरपालिका ।
श्री नगर उपप्रमुखज्यू, बाणगंगा नगरपालिका
श्री सूचना प्रविधि अधिकृतज्यू: कार्यालयको वेभसाइट तथा सामाजिक सञ्जालमा अपलोड गर्नुहुन ।


ईमेल: bangangamun@gmail.com वेभसाइट:www.bangangamun.gov.np सम्पर्क नं. [illegible]